स्थिति सूचक

वर्ष १३, अङ्क १

(२०७८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

# कर्णाली प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

कर्णाली प्रदेशको मानव अधिकार अवस्था कस्तो रह्यो भन्ने जानकारी दिने अभिप्रायले इन्सेकले प्रत्येक वर्ष तीन/तीन महिनामा मानव अधिकार स्थिति सूचक प्रकाशन गर्दै आएको छ। सन् २०२४ को (जनवरीदेखि मार्चसम्म) मा कर्णाली प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको तथ्याङ्क सहितको विश्लेषण गरिएको छ।

इन्सेकको अभिलेख अनुसार कर्णाली प्रदेशका १० जिल्लामा सन् २०२४ जनवरीदेखि मार्चसम्मको अवधिमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा कुटपिटबाट तीन जना महिला र तीन जना पुरुष पीडित भए। यस अवधिमा भएका घटनामा अन्यपक्षबाट महिला तथा बालिका बढी पीडित भए। यस अवधिमा महिला अधिकारका घटनामा १ सय १२ जना महिला पीडित भए। यस अवधिमा १६ जना बालबालिका पीडित भए।

इन्सेकको अभिलेख अनुसार अन्यपक्षबाट भएका घटनामा कुटपिटबाट १६ जना, बाल अधिकारका घटनामा १६ जना, अमानवीय व्यवहारबाट तीन जना, घाइते पाँच जना, हत्या ६ जना, जातीय विभेद घटनामा दुई जना, धम्कीबाट दुईजना, महिला अधिकारका घटनामा १ सय १२ जना पीडित भए।

यस अवधिमा कर्णाली प्रदेशमा भएका घटनामध्ये बाल अधिकारका घटनामा १३ जना बालिका बलात्कारका घटनाबाट पीडित भए। त्यसै गरी शरीरिक दण्ड सजायबाट एक जना र यौन दुर्व्यवहार घटनामा दुई जना पीडित भए।

कर्णाली प्रदेशमा महिला अधिकार उल्लङ्घनका घटनामा घरेलु हिंसाबाट ९३ जना, बहुविवाह घटनामा ६ जना र बलात्कार घटनामा ११ जना पीडित भए। यसैगरी यौन दुर्व्यवहारबाट एक जना र महिला बेचविखनबाट एक जना पीडित भएको इन्सेकको अभिलेख गरेको छ। महिला अधिकार उल्लङ्घनका घटनामा घरेलु हिंसा प्रमुखकारण रहेका छन्।

यस अवधिमा परिवारजनबाट एक जना महिलाको हत्या भयो। परिवारजनबाट हत्या हुनेमा कालिकोटको पताला गाउँपालिका–८ की २२ वर्षीया उर्मिला सेजुवाल रहेकी छन्। यसै गरी

कर्णाली प्रदेशमा सबै भन्दा बढी महिला हिंसाको घटना बढ्दै गएको देखिन्छ। महिला हिंसा घटना न्यूनिकरणका लागि समुदाय स्तरमै जनचेतनामूलक कार्यक्रम आवश्यक देखिन्छ।

कारागारमा क्षमता भन्दाबढी कैदी रहेको समस्या विगतको जस्तै यस अवधिमा पनि प्रायः सबै जिल्लामा पाइयो। थुनुवा र कैदी एकै ठाउँमा राखिएको, कारागारमा शौचालयको अभाव, खानेपानीको समस्या रहेको अनुगमनका क्रममा पाइयो । कारागारमा कैदीबन्दीहरुको लागि सिपमूलक तालिम सञ्चालन भएपनि बजारिकरणको समस्या रहेको पाइयो।

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कर्णाली प्रदेशका सबै जिल्ला तथा स्थानीयतहमा गठन भई नियमित बैठक बस्नु पर्नेमा अधिकांश जिल्ला तथा पालिकामा भएको छ। समिति गठन सँगै नियमित बैठकमा इन्सेकले सहकार्य तथा समन्वय गरेको थियो। समितिको कार्ययोजना कार्यान्वयन प्रभावकारी रुपमा संचालन हुन सकेको पाइएन।

**नारायण सुवेदी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
## (जनवरी–मार्च २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | | | | ५ | ५ | ५ |
| कुटपिट | ३ | ३ | ६ | ४ | १२ | १६ | २२ |
| बाल अधिकार | | | | १५ | १ | १६ | १६ |
| अमानवीय व्यवहार | | | | २ | १ | ३ | ३ |
| हत्या | | | | २ | ४ | ६ | ६ |
| महिला अधिकार | | | | ११२ | | ११२ | ११२ |
| धम्की | | | | | २ | २ | २ |
| जातीय विभेद | | | | | २ | २ | २ |
| जम्मा | ३ | ३ | ६ | १३५ | २७ | १६२ | १६८ |

# कर्णाली प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० पुस १७ गतेदेखि २०८० चैत १८ गतेसम्म)

### झडप

#### रुकुम पश्चिम

बाँफिकोट गाउँपालिका-३ स्यार्पुमा स्थानीयको झगडा छुटाउन गएका ईलाका प्रहरी कार्यालय बाँफिकोटमा कार्यरत प्रहरी जवानमाथि माघ १४ गते स्थानीयद्वारा ढुङ्गा प्रहार गर्दा प्रहरी जवान २५ वर्षीय महेन्द्र बहादुर शाही र २७ वर्षीय हिमराज खड्का घाइते भए। प्रहरीले ढुङ्गा प्रहार गरेको आरोपमा बाँफिकोट गाउँपालिका-४ का २८ वर्षीय लक्ष्मण विक, सोही ठाउँका २२ वर्षीय जनक खनाल, २२ वर्षीय कैलाश पुरी र बाँफिकोट गाउँपालिका - ६ का १५ वर्षीय एक बालकलाई प्रहरीले गिरफ्तार गऱ्यो। ढुङ्गा प्रहारबाट प्रहरी जवान शाहीको ढाड र खड्काको टाउकोमा चोट लाग्यो। घाइतेलाई उपचारका लागि माघ १४ गते जिल्ला अस्पतालमा ल्याइएको र थप उपचारका लागि कोहलपुर मेडिकल कलेजमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ७ गते कर्तव्य ज्यान अभियोग मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद बस्यालको फागुन ८ गतेको इजलासले लक्ष्मण विक, जनक खनाल, कैलाश पुरीलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। आरोपितहरुले फागुन ९ गते धरौटि रकम बुझाएपछि रिहा भए। १५ वर्षीय बालकलाई भने रिहा पछि अभिभावकको जिम्मा लगाएको इन्स्पेक्टर धर्मेन्द्र खड्काले बताए।

### कुटपिट/धम्की

#### हुम्ला

अदानचुली गाउँपालिका-१ कलखे घर भई जनता मिडिया प्रा.लि.का प्रबन्ध निर्देशक एवम् नेपाल पत्रकार महासंघ हुम्लाका सदस्य २२ वर्षीय चक्र दानीलाई खार्पुनाथ गाउँपालिका-१ देउकुडी घर भई कर्णाली प्रदेश सरकारका पूर्व उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दसिंह बुढाका स्वकीय सचिव ३० वर्षीय लालप्रसाद जैसीले माघ १० गते धम्की दिएको पीडितले आरोप लगाए। हुम्लाका स्थानीय बिरबहादुर रोकायाले माघ ७ गते योजना मिलाई दिन्छु भन्दै ठगी गरेको ४ लाख रुपियाँ बढी रकममा पूर्वमन्त्रीका स्वकीय सचिव जैसीको पनि कनेक्सन भन्ने शीर्षकमा समाचार लेखेको आरोपमा जैसीले आफूलाई मार्ने धम्की दिएको पीडितले आरोप लगाए। उक्त विषयलाई लिएर नेपाल पत्रकार महासंघ हुम्ला शाखाले पत्रकार दानीलाई केही समस्या आए सम्बन्धित धम्की दिने जैसीले व्यहोर्नु पर्ने भन्दै भत्सर्ना गरेको र माघ ११ गते मौखिक रूपमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। हालसम्म कुनै प्रक्रिया अघि नबढेको पत्रकार महासंघ हुम्लाका अध्यक्ष राजन रावतले बताए।

#### दैलेख

नारायण नगरपालिका-३ भूर्तीकी स्थानीय बासिन्दा शिक्षिका ३९ वर्षीया उमा मल्ललाई नारायण नगरपालिका-१० भवानीका ४२ वर्षीय दलबहादुर बिकले ०८० पुस २५ गते विद्यालय हातामा मदिरा सेवन गरी हातपात गरेको भन्दै पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दियो। दलबहादुर आफ्नो छोरालाई विद्यालयमा कुटपिट गरेको आक्रोसमा शिक्षिका माथि जाइलागेको आरोपमा अभद्र व्यवहार मुद्दा लगाइएको छ। प्रहरीले गरेको अनुसन्धानको आधारमा जिल्ला सरकारी वकील कार्यालय दैलेखले माघ १० गते जिल्ला प्रशासन कार्यालय दैलेखमा अभद्र व्यवहार उजुरी दर्ता गऱ्यो। अभियोग सम्बन्धमा माघ १० गते प्रमुख जिल्ला अधिकारी खिमराज भुसालको इजलासबाट १० हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गरिएको जिल्ला प्रशासन कार्यालयको मुद्दा शाखाका इन्चार्ज नासु बिष्णुबहादुर थापाले बताए। यो मुद्दामा तहकीकात चलिरहेको छ।

महाबु गाउँपालिका-१ खरिगैराकी ७६ वर्षीया मीनादेवी शर्मालाई ०८० माघ १९ गते राति ज्यान लिने उद्देश्यले बियरको बोत्तल, खुकुरी लगायतका घातक हतियारले प्रहार गरी घाइते बनाइ भागेको आरोपमा प्रहरीले १४ वर्षीय एक बालक र १६ वर्षीय अर्को बालक समेत दुई जनालाई माघ २२ गते बर्दियाको बनगाइँबाट गिरफ्तार गऱ्यो। घरमा एक्लै बस्ने पीडितलाई बिहान बेहोस अवस्थामा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका

थिए। पीडितको कर्णाली प्रदेश अस्पतालमा उपचारको क्रममा एक सातापछि मात्र होस खुलेको थियो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालय दैलेखमा माघ २२ गते दिएको उजुरीका आधारमा नियन्त्रण लिइएका बिज्याइँकर्ता बालकहरुको बयान र थप अनुसन्धान आधारमा तयार पारेको प्रतिवेदन मुताविक जिल्ला सरकारी वकील कार्यालयले फागुन १३ गते दैलेख जिल्ला अदालतमा ज्यानमार्ने उद्योग सम्बन्धी अभियोग दर्ता गरायो। जिल्ला अदालतका न्यायाधीश बलराम लम्सालको फागुन १५ गतेको इजलासले आरोपितहरुलाई अभिभावकको जिम्मा रिहा गरिएको श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

#### सुर्खेत

वीरेन्द्रनगर नगरपालिका- ६ न्युरोडस्थित उषा बालबाटिका अगाडि व्यापार गरेर बसेकी ४२ वर्षीया जानुका बुढालाई माघ २७ गते प्रहरीले लाठी प्रहार गरेर घाइते बनाएको आरोपमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत ४५ वर्षीय प्रहरी हवल्दार कृष्ण भट्टकी ३५ वर्षीया पत्नी योजना भण्डारीविरुद्ध पीडितले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। घरको ढोकामा आगो बालेर घरभरि धुवाँ फैलिएपछि आगो नबाल्न अनुरोध गर्दा प्रहरी हबल्दारकी पत्नीले प्रहरी बोलाएर आफूलाई कुटपिट गराएको पीडितले आरोप लगाइन्। घटनाका बारेमा दुबै पक्षलाई बोलाएर अनुसन्धान गरिएको र माघ २९ गते प्रदेश अस्पताल सुर्खेतमा घाउजाँच गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका डिएसपी लक्ष्मण शाहीले बताए। घटनाको छानबिन भइरहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका इन्स्पेक्टर कृष्णबहादुर खड्काले बताए।

दैलेखको डुङ्गेश्वर गाउँपालिका-१ बेलापाटा स्थायी घर भइ हाल वीरेन्द्रनगर नगरपालिका-९ लाटीकोइली बस्दै आएकी ३२ वर्षीया मानकुमारी खत्रीलाई पुस १८ गते प्रहरीले जिल्ला प्रहरी कार्यालयमा बिनाकसुर कुटपिट गर्दै एक रात हिरासतमा राखेको आरोप लगाइन्। ४४ पति वर्षीय कृष्णबहादुर खत्री बहुविवाह कसुरमा धरौटीमा रिहा भएको खबर बुझ्न जिल्ला प्रहरी कार्यालयमा जाँदा प्रहरीले अदालतबाट भएको सबै प्रक्रिया बारे जानकारी दिएको तर आफ्नो पीडा थाम्न नसकेर पीडितले प्रहरीलाई पैसा खाएर छोडेको भनेपछि प्रहरीले कुटपिट गर्दै एक रात हिरासतमा राखेको पीडितले बताइन्। हिरासतभित्र बिरामी परेपछि सोही रात प्रदेश अस्पतालमा उपचार भयो। प्रहरीले पुस १९ गते पीडितलाई बिनासर्त रिहा गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी लक्ष्मणबहादुर शाहीले बताए।

### दुर्व्यवहार

#### सुर्खेत

गुर्भाकोट नगरपालिका-७ मेलहलकुना स्थित डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडका शाखा प्रमुख ३३ वर्षीय दिपेन्द्र कट्टेललाई माघ २५ गते मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीका कार्यकर्ता गुर्भाकोट नगरपालिका-९ का २० वर्षीय विष्णुहरि घर्ती र मुगु जिल्ला सोरु गाउँपालिका-८ का २५ वर्षीय रामबहादुर विकविरुद्ध पीडितले इलाका प्रहरी कार्यालय छिन्चुमा माघ २५ गते उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २५ गते गिरफ्तार गऱ्यो। उनीहरुले कार्यालयमा आएर केही कुरा सोधपुछ गर्नु छ भनी एसिड र अलकत्रा निकालेर अनुहार तथा शरीरमा लगाएर भागेका थिए। जिल्ला प्रशासन कार्यालयको फागुन ४ गतेको आदेशले आरोपितहरुलाई १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

### बाल अधिकार

### हत्या

#### रुकुमपश्चिम

रोल्पा जिल्लाको परिवर्तन गाँउपालिका-४ पाछाबाङका घर भइ हाल रुकुम पश्चिम जिल्लाको मुसीकोट नगरपालिका-११ का १४ वर्षीय निर्मल डाँगीको ०८० माघ ७ गते खुकुरी प्रहार गरी हत्या गरेको र सोही ठाँउका ४१ वर्षीय सुकलाल पुन घाइते बनाएको आरोपमा पीडित पक्षले माघ ८ गते सोही ठाँउका ३२ वर्षीय चन्द्रबहादुर पुनविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ७ गते गिरफ्तार गऱ्यो। घाइते पुनको जिल्ला अस्पताल सल्लेमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नमराज भट्टराईले बताए। बालक दिदीको घरमा बसेर मुसीकोट नगरपालिका-६ स्थित बाल कल्याण माध्यामिक विद्यालय झुल्खेतमा कक्षा-७ मा अध्ययनरत थिए। शवको पोष्टमार्टमका माघ ८ गते जिल्ला अस्पतालमा भयो। मृतकका आफन्तले शव बुझि रोल्पा जिल्लाको परिवर्तन गाँउपालिका-४ पाछाबाङका शव घाटमा माघ ९ गते सद्गद गरे। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २१ गते कर्तव्य ज्यान अभियोग मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद बस्यालको माघ २२

गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## बलात्कार, यौन दुर्व्यवहार

### दैलेख

१५ वर्षीया बालिकालाई ०८० पुस २९ गते बलात्कार गरेको भन्दै नौमूले गाउँपालिका-२ बालुवाटारका १९ वर्षीय सूर्यबहादुर गिरीविरुद्ध पीडित पक्षले दिएको उजुरीका आधारमा आरोपितलाई प्रहरीले फागुन १० गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ११ गते दैलेख अस्पतालमा भयो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकील कार्यालयले चैत ५ गते दैलेख जिल्ला अदालतमा जबरजस्ती करण सम्वन्धी अभियोग दर्ता गऱ्यो। अभियोग सम्वन्धमा चैत ६ गते भएको थुनछेक बहसपछि जिल्ला न्यायाधीश बलराम लम्सालको इजलासबाट थुनामा पठाएको श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

१३ वर्षीया बालिकालाई ०८० माघ २० गते बलात्कार गरेको भन्दै जाजरकोटको जुनीचाँदे गाउँपालिका-३ डाँडाकोट घर भई हाल नारायण नगरपालिका-८ बस्ने ४८ वर्षीय बीरेन्द्रबहादुर बस्नेतविरुद्ध पीडित पक्षले दिएको उजुरीका आधारमा आरोपितलाई प्रहरीले माघ २७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २७ गते दैलेख अस्पतालमा भयो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकील कार्यालयले फागुन २१ गते दैलेख जिल्ला अदालतमा जबरजस्ती करणी सम्वन्धी अभियोग दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बलराम लम्सालको फागुन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

१५ वर्षीया बालिकालाई ०८० फागुन २ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले दिएको फागुन २२ गते प्रहरीमा दिएको उजुरीका आधारमा आरोपितलाई प्रहरीले फागुन २९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २२ गते दैलेख अस्पतालमा भयो। प्रहरीले गरेको अनुसन्धानको आधारमा जिल्ला सरकारी वकील कार्यालयले दैलेख जिल्ला अदालतमा चैत १४ गते जबरजस्ती करणी सम्वन्धी अभियोग दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश बलराम लम्सालको चैत १५ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाइएको श्रेस्तेदार बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

१४ वर्षीया बालिकालाई ०८० माघ ११ गते यौनदुर्व्यवहार गरेको भन्दै दुल्लू नगरपालिका-१२ दहका ४१ वर्षीय आइतबहादुर रावलविरुद्ध पीडित पक्षले दिएको उजुरीका आधारमा आरोपितलाई प्रहरीले माघ १२ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १२ गते दैलेख अस्पतालमा भयो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकील कार्यालयले फागुन १ गते दैलेख जिल्ला अदालतमा जबरजस्ती करणी सम्वन्धी अभियोग दर्ता गरायो। जिल्ला अदालतका न्यायाधीश बलराम लम्सालको फागुन २ गतेको इजलासले आरोपितलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गरेको श्रेस्तेदार उपसचिव बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

१३ वर्षीया बालिकालाई ०८० माघ १० गते यौनदुर्व्यवहार गरेको भन्दै भगवतीमाई गाउँपालिका-७ बडाभैरब घर भई हाल दैलेख सदरमुकामको नारायण नगरपालिका-६ गणेशचोक बस्ने २२ वर्षीया विकास बुढाविरुद्ध पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ११ गते दैलेख सदरमुकामबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ११ गते दैलेख अस्पतालमा भयो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकील कार्यालयले फागुन २७ गते दैलेख जिल्ला अदालतमा यौनदुर्व्यवहार सम्वन्धी अभियोग दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बलराम लम्सालको फागुन २ गतेको इजलासले आरोपितलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गरेको श्रेस्तेदार बद्रीप्रसाद लामिछानेले बताए। यो मुद्दामा अदालती तहकीकात चलिरहेको छ।

### रुकुम पश्चिम

१७ वर्षीया बालिकालाई ०८० चैत ५ गते बलात्कार गरेको आरोपमा प्रहरीले मुसिकोट नगरपालिका-१३ का २४ वर्षीय पारस कसेराविरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते जिल्ला अस्पतालमा भयो।

### सुर्खेत

१२ वर्षीया बालिकालाई ०८० माघ २० गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-१० पिपिराका २० वर्षीय दिपकसिंह कुमालविरुद्ध पीडितकी

## बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी-मार्च २०२४)

| | |
|---|---|
| विद्यालयमा दिइने शारीरिक सजाय | १ |
| बलात्कार | १३ |
| यौन दुर्व्यवहार | २ |
| जम्मा | १६ |

आमाले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २ गते प्रदेश अस्पतालमा भयो। आरोपित अहिलेसम्म फरार रहेका छन्।

१४ वर्षीया बालिकालाई ०८० माघ १६ गते बलात्कार गरेको आरोपमा दैलेख जिल्ला भगवतीमाई गाँउपालिका -७ घर भइ वीरेन्द्रनगर नगरपालिका -१२ का २७ वर्षीय नारायण तिरुवाविरुद्ध पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित हालसम्म पनि फरार रहेका छन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ४ गते प्रदेश अस्पताल सुर्खेतमा भयो।

१६ वर्षीया बालिकालाई ०८० माघ २३ गते वीरेन्द्रनगर-६ स्थित मुनाल होटलमा बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-३ का २० वर्षीय विकास खड्काविरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन ५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ५ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १ जवरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनोज कुमार श्रेष्ठको चैत २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८० फागुन ३ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-९ लाटीकोइलीका २० वर्षीय राजेन्द्र खड्काविरुद्ध पीडित बालिकाले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ८ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ७ गते जवरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनोज कुमार श्रेष्ठको चैत ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८० फागुन ८ गते बलात्कार गरेको आरोपमा कालिकोट जिल्ला पलाता गाउँपालिका-२ घर भई हाल वीरेन्द्रनगर नगरपालिका-६ का १९ वर्षीय सन्देश विश्वकर्माविरुद्ध पीडित बालिकाले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १० गते प्रदेश अस्पतालमा भयो। हालसम्म आरोपित फरार रहेका छन्।

१४ वर्षीया बालिकालाई ०८० फागुन ७ गते बलात्कार गरेको आरोपमा भेरीगंगा नगरपालिका-११ साँधीखोलाका १८ वर्षीय सुवास बिकविरुद्ध पीडित बालिका आफन्तले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १० गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ९ गते जवरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हिरण्य प्रसाद भण्डारीको चैत १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८० फागुन १७ गते सामुहिक बलात्कार गरेको आरोपमा १३ वर्षीय बालक, १० वर्षीय बालक र १२ वर्षीय बालकविरुद्ध पीडितपक्षले फागुन १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितहरुलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १७ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। घटनाको हालसम्म अनुसन्धान प्रकृयामा रहेको छ।

१३ वर्षीया बालिकालाई ०८० फागुन २१ गते बलात्कार गरेको आरोपमा वीरेनद्रनगरमा नगरपालिका-७ का ७० वर्षीय भिमराज चपाईविरुद्ध पीडित बालिकाकी आमाले फागुन २४ गते जिल्ला प्रहरी प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २४ गते प्रदेश अस्पतालमा भयो। आरोपित हालसम्म

फरार रहेका छन्। घटना अनुसन्धान प्रकृयामा रहेको छ।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

### हुम्ला

दैलेख जिल्ला स्थायी घर भएकी १८ वर्षीया महिलालाई ०८० पुस १६ गते सिमकोट गाउँपालिका-६ स्थित सदरमुकाम सिमकोटको एक होटेलमा मानव बेचविखन गराउन लगाएको आरोपमा खार्पुनाथ गाउँपालिका-५ खर्पेल गाउँका २७ वर्षीय हर्स कामीविरुद्ध पीडितले पुस १९ गते प्रहरीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई पुस १९ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ ११ गते जिल्ला सरकारी वकील कार्यालयमार्फत् जिल्ला अदालतमा अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### हुम्ला

४५ वर्षीया महिलालाई ०८० माघ २५ गते अदानचुली गाउँपालिका-४ रिल्मा वनमा गाई/गोरु चराउन गएको अवस्थामा बलात्कार गरेको भन्दै अदानचुली गाउँपालिका-३ गोरपालीका २० वर्षीय हर्क बुमीविरुद्ध पीडितका भाई सुरेन्द्र थापाले माघ २५ गते नै प्रहरी चौकी गल्फागाडमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २५ गते गाउँबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २६ गते जिल्ला अस्पतालमा भएको भयो। प्रहरीले आरोपितविरुद्ध माघ २८ गते जवरजस्ती करणी उद्योगमा प्रहरीमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३८ वर्षीया अपा ता भएकी एक महिलालाई ०८० पुस २५ गते घरमा सुतिरहेको बेला बलात्कार गरेको आरोपमा अदानचुली गाउँपालिका-६ पाल्सका ३० वर्षीय दिपे टमटाविरुद्ध पीडित महिलाका भाइ नरेन्द्र सुनारले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन १० गते बाजुरा जिल्लाको धुलाचौरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जवरजस्ती करणी सम्बन्धी मुद्दा फागुन ३० गते जिल्ला अदालतमा दर्ता गऱ्यो।

### कालिकोट

२२ वर्षीया महिलालाई मङ्सिर १५ गते ललाइ फकाइ गरी भारतको ब लोर पुऱ्याएर बलात्कार गरेको आरोपमा शुभकालिका गाउँपालिका-४ का २६ वर्षीय परेक शाहीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ १८ गते उजुरी दिए। पीडित महिलालाई आरोपितले भारतको ब लोर पुऱ्याएर बलात्कार गरेको र त्यहाँबाटै बेचबिखन गर्न खोजेपछि आफन्तको सहारामा नेपाल आएर पीडितले उजुरी दिएका थिए। पीडितले आरोपित विरुद्ध उजुरी दिएपछि घटनाको अनुसन्धानका लागि आरोपितको खोजि भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इन्स्पेक्टर पोषण थापा बताए। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १८ गते जिल्ला अस्पतालमा भयो।

२४ वर्षीया महिलालाई घर नजिकैको खोलामा लगेर माघ २१ गते बलात्कार गरेको आरोपमा खाँडाचक्र नगरपालिका-२ का २८ वर्षीय धनबहादुर विकविरुद्ध माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २३ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २४ गते जवरजस्ती करणी सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस चन्द्रप्रकाश ज्ञवालीको माघ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २३ गते जिल्ला अस्पतालमा भयो।

२४ वर्षीया महिलालाई फागुन १४ गते बलात्कार गरी ६ महिनाको बच्चा भएको र गर्भपतन गर्नका लागि दबाव दिएको आरोपमा शुभकालिका गाउँपालिका-२ का २३ वर्षीय सत्यबहादुर शाही र ५५ वर्षीय डबल शाही विरुद्ध पीडित पक्षले फागुन २८ गते उजुरी दिए। प्रहरीले आरोपित सत्यबहादुर शाहीलाई चैत ४ गते गिरफ्तार गऱ्यो। अर्का आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालय इन्सपेक्टर पोषण थापाले बताए। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २८ गते जिल्ला अस्पतालमा भयो।

### जाजरकोट

१८ वर्षीया बालिकालाई ०८० फागुन ८ गते राती बलात्कार गरेको आरोपमा भेरी नगरपालिका-५ का २६ वर्षीय दुर्गबहादुर विकविरुद्ध पीडितको आमा बसन्ता चन्दले फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई मौखिक उजुरीका आधारमा फागुन २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २१ गते जिल्ला अस्पतालमा भयो।

## महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२४)

| | |
|---|---|
| बलात्कार | ११ |
| घरेलु हिंसा | ९३ |
| बहुविवाह | ६ |
| बेचबिखन तथा ओसारपसार | १ |
| यौन दुर्व्यवहार | १ |
| जम्मा | ११२ |

आरोपितमाथि हालसम्म अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएस्पी सन्तोष रोकाले बताए।

**सल्यान**

१९ वर्षीया महिलालाई ०८० पुस २९ गते बलात्कार गरेको आरोपमा बनगाड कुपिण्डे नगरपालिका- ४ डोप्केका २४ वर्षीय रामबहादुर बुढाथोकीविरुद्ध पीडित पक्षले माघ २ गते जिल्ला प्रहरी कार्यालय सल्याननमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २ गते सल्यान अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २१ गते जबरजस्ती करणी सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस देवकुमार गिरीको माघ २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सुर्खेत**

२३ वर्षीया महिलालाई पुस १६ गते मादक पदार्थ सेवन गरी राति सुतिरहेको कोठामा गएर बलात्कार गरेको आरोपमा पञ्चपुरी नगरपालिका-३ का २२ वर्षीय सुमित विकविरुद्ध पीडित पक्षले पुस १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस १८ गते प्रदेश अस्पतालमा भयो। आरोपित हालसम्म पनि फरार छन्।

२४ वर्षीया महिलालाई ०८० फागुन २४ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-९ का ३४ वर्षीय राजु थापाविरुद्ध पीडित महिलाले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत ८ गते प्रदेश अस्पतालमा भयो। आरोपित हालसम्म फरार रहेका छन्। घटना अनुसन्धान प्रकृयामा रहेको छ।

### पारिवारिक हत्या

**कालिकोट**

पलाता गाउँपालिका-८ का २२ वर्षीया उर्मिला सेजुवाल रोकायालाई माघ २१ गते कुटपिट गरी हत्या गरेको आरोपमा २४ वर्षीय पति राजेन्द्र रोकायाविरुद्ध पीडितका दाजुले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई घरबाटै माघ २२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ५ गते कर्तव्य ज्यान अभियोग मुद्दा दर्ता गऱ्यो। शवको पोष्टमार्टम माघ २३ गते जिल्ला अस्पतालमा भइ मृतकका दाजुले शव बुझि माघ २३ गते आफ्नै गाउँमा सद्गद् गरे। जिल्ला अदालतका न्यायाधीस चन्द्रप्रकाश ज्ञावलीको फागुन ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी अर्जुन केसीले।

**सल्यान**

छत्रेश्वरी गाउँपालिका-५ लेखपोखरा ढाकुडाँडाका २८ वर्षीया पार्वती कवरको ०८० माघ ७ गते हत्या गरेको आरोपमा २३ वर्षीय पति पुर्णबहादुर पुनविरुद्ध पीडित पक्षले माघ ९ गते इलाका प्रहरी कार्यालय लुहाममा उजुरी दियो। प्रहरीले आरोपितलाई नजिकैको जङ्गलबाट ८ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम सल्यान अस्पतालमा माघ ९ गते गरी आरोपितका बुबा तिलक पुनले अस्पतालबाट शव बुझी

सोही दिन साँझ बेतेनी खोलामा हिन्दु धार्मिक परम्परा अनुसार सदगत् गरे। आपसी झगडा हुँदा दाउराप्रहार गरेर आरोपितले पत्नीको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सल्यानका इन्स्पेक्टर भवानी प्रसाद धमलाले बताए। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकील कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २५ गते कर्तव्य ज्यान अभियोग मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश देव कुमार गिरीको माघ २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## सबै प्रकारका जातीय विभेद

### मुगु

सोरु गाउँपालिका-५ नेरका २५ वर्षीय सर्पराज नेपालीलाई छाँयानाथ रारा नगरपालिका- १ बसपार्कमा ०८० माघ १० गते जातीय दुर्व्यवहार गरेको आरोपमा जुम्ला जिल्ला पातारासी गाउँपालिका-७ भई घरछाँयानाथ रारा नगरपालिका - १ गमगढी बजारकी २८ वर्षीया कमला थापा, २७ वर्षका प्रकाश थापा र २४ वर्षीय प्रकाश मल्लविरुद्ध पीडितले माघ १७ गते जिल्ला प्रहरी कार्यलयमा उजुरी दिए । प्रहरीले आरोपितहरूलाई माघ २३ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरू विरुद्ध जिल्ला सरकारी वकिल मार्फत माघ २४ गते जिल्ला अदालतमा जातीय दुर्व्यवहार सम्बन्धी मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीस योग्यप्रसाद आचार्यको फागुन २४ गतेको इजलासले आरोपितहरु कमला थापालाई १० हजार रुपियाँ र प्रकाश थापा र प्रकाश मल्ललाई जनही २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। मुद्दा हाल प्रकृया रहेको छ।

### कालिकोट

सान्नी त्रिवेणी गाउँपालिका -९ का वडाध्यक्ष ४२ वर्षीय नरपति तिरुवालाई फागुन २७ गते जातीय विभेद शब्द प्रयोग गरी गाली गरेको आरोपमा सोही गाउँपालिका-८ का स्थित स्वास्थ्य चौकी मुम्रामा कार्यरत अहेव २८ वर्षीय तपेन्द्र वुढाविरुद्ध पीडितले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफ्तार गऱ्यो। आरोपितलाई फागुन ३० गते साधारण तारेखमा रिहा भए।


*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कर्णाली प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : नारायण सुवेदी, **संयोजन/सम्पादन** : पुरनप्रसाद चौधरी, **व्यवस्थापक** : बुद्धि चौधरी

वीरेन्द्रनगर नगरपालिका–७, इत्राम, सुर्खेत, फोन : ०८३–५२१४८९

इमेल : surkhet@insec.org.np, Website : www.inseconline.org